तामाकोशी गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

| खण्ड १ | संख्या ८ | मिति २०७५।०२।१ |
|---|---|---|

भाग १

## तामाकोशी गाउँपालिका

**नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्वत् २०७५ सालको ऐन संख्या ८**

## तामाकोशी गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

**प्रस्तावनाः**

तामाकोशी गाउँपालिकाको गाउँसभा सदस्य तथा पदाधिकारी एवं सदस्यको सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२२ बमोजिमको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "**तामाकोशी गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५**" रहेको छ ।

(२) यो ऐन तामाकोशी गाउँपालिकाको राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

क. "**अध्यक्ष**" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

ख. "**उपाध्यक्ष**" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

ग. "**कार्यालय**" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ. "**कार्यपालिका**" भन्नाले तामाकोशी गाउँ कार्यपालिका सम्झनुपर्दछ ।

ङ. "**प्रदेश**" भन्नाले ३ नं. प्रदेश सम्झनुपर्दछ ।

च. "**पदाधिकारी**" भन्नाले अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्ष सम्झनुपर्दछ ।

छ. **"वडा"** भन्नाले तामाकोशी गाउँपालिकाको वडा सम्झनुपर्दछ ।

ज. **"वडा सदस्य"** भन्नाले तामाकोशी गाउँपालिकाको वडाका सदस्य सम्झनुपर्दछ ।

झ. **"सदस्य"** भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको सदस्य सम्झनुपर्दछ ।

ञ. **"सभा"** भन्नाले तामाकोशी गाउँपालिकाको गाउँसभा सम्झनुपर्दछ ।

ट. **"सभाका सदस्य"** भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सदस्य सम्झनुपर्दछ ।

ठ. **"स्थानीय तह"** भन्नाले तामाकोशी गाउँपालिका सम्झनुपर्दछ ।

ड. **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनुपर्दछ ।

३. **पदाधिकारी र सदस्यको सुविधाः** तामाकोशी गाउँपालिकाका पदाधिकारी, सभाका सदस्य तथा सदस्यले आफु निर्विचित भई अनुसूची २ बमोजिमको पद तथा गोपनीयताको सपथ लिई आफ्नो पदको काम कारवाही शुरु गरेको मितिदेखि अनुसूची १ मा उल्लेख भए बमोजिमको मासिक सुविधा पाउनेछ ।

४. **सभाका सदस्यको भत्ताः** (१) पदाधिकारी र कर्मचारी बाहेकका सदस्य र सभाका सदस्यले न्यायिक समिति वा कुनै समितिको बैठकमा भाग लिए वापत अनुसूची १ मा उल्लेख भए बमोजिमको बैठक भत्ता वापतको रकम पाउनेछन् ।

(२) उपदफा (१) बमोजिम सभा र कार्यपालिका वा वडा समिति वा अन्य समिति वा उपसमितिको बैठक एकै दिन बसेकोमा पदाधिकारी वा सभाका सदस्य वा सदस्यले कुनै एक बैठकको मात्र भत्ता पाउनेछ ।

(३) पदाधिकारी वा सभाका सदस्य वा सदस्यले कुनै एक विषयको वैठक जतिसुकै संख्या वा दिनमा बसेको भए तापनि एउटा बैठक बराबरको मात्र बैठक भत्ता पाउनेछ ।

(४) पदाधिकारी वा सभाका सदस्य वा सदस्य बाहेक कुनै कर्मचारी अनिवार्य उपस्थित हुनुपर्ने भनि तोकिएकोमा सो प्रकृतिका बैठकमा भाग लिए वापत कर्मचारीले अनुसूची १ मा उल्लेख भए बमोजिमको बैठक भत्ता वापतको रकम पाउनेछन् ।

५. **यातायात सुविधाः** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने यातायात, सवारी साधन तथा इन्धन सुविधा प्रदेश सरकारले तोकि दिएको मापदण्ड बमोजिम हुनेछ ।

६. **दैनिक भ्रमण भत्ताः** (१) पदाधिकारी, सदस्य तथा सभाका सदस्यले कामको सिलसिलामा नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्दा अनुसूची १ मा उल्लेख भएबमोजिमको दैनिक भ्रमण भत्ता पाउनेछ ।

(२) पदाधिकारी, सदस्य तथा सभाका सदस्यले उपदफा (१) बमोजिम लाग्ने यातायात खर्च बापत बिल बमोजिमको रकम पाउनेछ ।

(३) पदाधिकारी, सदस्य तथा सभाका सदस्यले उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसूची १ मा उल्लेख भए बमोजिमको विमाङ्क रकम बराबरको बिमा गर्दा लाग्ने बिमा शुल्क पाउनेछ ।

(४) पदाधिकारी, सदस्य तथा सभाका सदस्यको भ्रमण सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम बमोजिम हुनेछ ।

७. **एउटा मात्र सुविधा पाउनेः** सरकारी कोषबाट निवृत्तीभरण पाईरहेको व्यक्ति पदाधिकारी, सदस्य वा सभाको सदस्य पदमा निर्वाचित वा मनोनित भएमा त्यस्तो पदाधिकारी, सदस्य वा सभाको सदस्यले निवृत्तिभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र सुविधा पाउनेछ ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागि सरकारी कोष भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको कुनै निकायको कोषलाई जनाउँछ ।

तर, निवृत्तिभरण बाहेकका सुविधा अन्य पदाधिकारी, सदस्य वा सभाको सदस्यले पाए सरह हुनेछ ।

८. **दृष्टिविहिन वा असक्तले पाउने सुविधाः** (१) कुनै पदाधिकारी, सदस्य वा सभाको सदस्य दृष्टिविहिन भई वा शारीरिक रुपले अशक्त भई हिँडडुल गर्न असमर्थ भई सहयोगीको सेवा लिन आवश्यक पर्ने भएमा गाउँ कार्यपालिकाले त्यस्तो पदाधिकारी, सदस्य वा सभाको सदस्यको सहयोगको लागि निजले चाहेको एकजना सहयोही उपलव्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै सहयोगी उपलव्ध गराईएकोमा त्यस्तो सहयोगीलाई पदाधिकारी, सदस्य वा सभाको सदस्यले पाए सरहको दैनिक भत्ता र यातायात खर्च उपलव्ध गराईनेछ ।

९. **बैंक खाता मार्फत भुक्तानी गरिनेः** (१) कुनै पदाधिकारी, सदस्य वा सभाको सदस्यले यस ऐन बमोजिम पाउने सुविधा निजको बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गेरको भएतापनि कुनै पदाधिकारी, सदस्य वा सभाको सदस्यले बैंक खाता खोल्न नसक्ने भएमा निजले पाउने भत्ता वा सुविधा बापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँ कार्यपालिकाको कार्यालयबाट उपलव्ध गराउन सकिनेछ ।

१०. **निलम्वन परेमा सुविधा नपाउनेः** यस ऐनमा जुनसुकै कुरा उल्लेख गेरको भएतापनि कुनै पदाधिकारी, सदस्य वा सभाको सदस्य आफ्नो पदबाट निलम्वनमा परेमा त्यस्तो निलम्बनमा परेको अवधिभर वा कुनै फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुना वा कैदमा रहेकोमा त्यसरी थुना वा कैदमा रहेको अवधीभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन ।

तर, त्यस्तो निलम्वन फुकुवा भएमा वा अदालतबाट सफाई पाएमा निजले दफा ३ बमोजिमको सुविधा पाउनेछ ।

११. **सुविधा निर्धारण गर्न सक्नेः** यस ऐन बमोजिम पदाधिकारी, सदस्य वा सभाको सदस्यको लागि कुनै सुविधा निर्धारण गर्नुपर्दा यस ऐनले तोकि दिएका सुविधालाई अधिकतम सीमा मानेर सम्बन्धित सभाले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक स्रोत तथा क्षमता समेतका आधारमा निर्धारण गर्न सक्नेछ ।

१२. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी, सदस्य वा सभाको सदस्यले यस ऐन बमोजिम व्यवस्था गरिएको सुविधालाई आवश्यकता र औचित्यताका आधारमा पुनरावलोकन गर्न सक्नेछ र यसरी पुनरावलोकन गर्दा नेपाल सरकारले निर्धारण गरेको मर्यादाक्रम समेतलाई ध्यान दिनु पर्नेछ । यस ऐनमा व्यवस्था भए बाहेकका अन्य सुविधा प्रदेश सरकारले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

**१३. बचाऊः** यो ऐन प्रारम्भ हुनुभन्दा पहिले सभाले कुनै निर्णय गरी पदाधिकारी, सदस्य वा सभाको सदस्यलाई कुनै सुविधा उपलव्ध गराएको भए यस ऐनमा व्यवस्था भए बमोजिमको हदसम्मको सुविधालाई यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १

**(दफा ३, ४, ५, ६ र ७ सँग सम्बन्धित)**

**तामाकोशी गाउँपालिकाका पदाधिकारी, सदस्य वा सभाको सदस्यले पाउने सुविधा**

| क्र.सं. | शीर्षक | ईकाई दर | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष | कार्यपालिका सदस्य | वडा सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | प्रति महिना रु. | ३०,०००। | २५,०००। | २०,०००। | ६,०००। | ५,०००। |
| २ | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १,८००। | १,६००। | १,५००। | १,५००। | १,२००। |
| ३ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलर | १५०। | १४०। | १२५। | १२५। | १२५। |
| ४ | यात्रा विमा | प्रति भ्रमण (प्रिमियम) रु. | १०,००,०००। | १०,००,०००। | १०,००,०००। | १०,००,०००। | १०,००,०००। |
| ५ | सञ्चार सुविधा | प्रति महिना रु. | १,५००। | १,०००। | ८००। | ५००। | ५००। |
| ६ | सभाको बैठक भत्ता | प्रति दिन रु. | १,५००। | १,५००। | १,५००। | १,५००। | १,५००। |
| ७ | कार्यपालिकाको वैठक भत्ता | प्रति दिन रु. (बढिमा मासिक ३ वटा सम्म) | १,५००। | १,५००। | १,५००। | १,५००। | - |
| ८ | वडा समितिको वैठक भत्ता | प्रति दिन रु. (बढिमा मासिक ३ वटा सम्म) | | | १,१७७। | - | १,१७७। |
| ९ | इजलास भत्ता (न्यायिक समितिका सदस्यलाई मात्र) | प्रति बैठक रु. ५००। (प्रति महिना बढीमा तीन वटा बैठकको लागि मात्र) | | | | | |
| १० | समिति भत्ता (विधायन समिति, लेखा समिति, सुशासन समिति वा कार्यपालिकाका विषयगत समितिका बढीमा वार्षिक १२ वटा बैठकहरुका लागि प्रति बैठक रु. ५००। | | | | | | |

**द्रष्टव्यः**

१. यूरोपियन मुलुकहरु, अष्ट्रेलिया, न्यूजिल्याण्ड, अमेरिका, क्यानडा, जापान, हङ्गकङ्ग, रुस, कतार, जाम्बिया, यु.ए.इ, सिंगापुर, लेवनान, बहराईनको भ्रमण गर्दा माथि उल्लेखित दरमा तेत्तीस प्रतिशत थप रकम दिईनेछ।

२. विदेश भ्रमण गर्दा भारतका चेन्नाई, हैदरावाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिईनेछ । अन्य देशको हकमा माथिको दररेट बमोजिम नै हुनेछ ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता वापतको रकम उपलव्ध गराईएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलव्ध गराईने छैन ।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना, आवास र यातायात खर्च उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको पच्चिस प्रतिशत रकम मात्र उपलव्ध गराईनेछ ।

५. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट आवास मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तीस प्रतिशत रकम उपलव्ध गराईनेछ ।

६. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलव्ध भएमा दैनिक भ्रमण भत्ताको छयसठ्ठी प्रतिशत रकम उपलव्ध गराईनेछ ।

७. यस सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची २

**(दफा ३ सँग सम्बन्धित)**

**तामाकोशी गाउँपालिकाका पदाधिकारी, सदस्य र सभाका सदस्यको**

**पद तथा गोपनीयताको सपथको ढाँचा**

म ............... (पूरा नाम) .................. मुलुक र जनता प्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दै जनताको/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही तामाकोशी गाउँपालिकाको .............. पदमा कामकाज प्रचलित कानूनको अधिनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, कसै प्रति पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारीसाथ गर्नेछु । आफ्नो कर्तव्यपालनाको सिलसिलामा आफुलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

**मितिः** 

**नाम, थरः**

**दस्तखतः**

**प्रमाणीकरण मितिः** २०७५।०१।३१

**आज्ञाले,**
**दीपेश कट्टेल**
**प्रमुख प्रशासकीय अधिकृत**